"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं.:/ Ref No. ०८१/८२
च.नं./Dispatch No.:

मिति : २०८१/०४/०२
ने.सं.११४४ दिल्लाथ्व, ११ बुधबार

## बक्यौता राजस्वमा जरिवाना रकम छुट गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

पाँचखाल नगरपालिकाको आर्थिक विधेयक, २०८१ को दफा २६ मा सम्पत्तिकर, भूमिकर, बहालकर, व्यवसायकर, सवारीसाधन कर, नक्सापास दस्तुर लगायतका कर बुझाउने सम्बन्धी विशेष व्यवस्था, अन्तर्गत नगरपालिका स्थापना भएदेखि वा सो भन्दा अगाडि देखि हालसम्मको सम्पत्तिकर, भूमिकर, व्यवसाय कर लगायत जुनसुकै प्रकारको लगती करहरु तिर्न बाँकी रहेका करदाताहरुको लागि संवत् २०८१ साउन मसान्तभित्र कर तिरेमा बक्यौता रकममा जरिवाना छुट हुने तथा उक्त समयसीमा (२०८१ भदौ १) पश्चात् कर तिरेमा साविक बमोजिम नै जरिवाना लाग्ने व्यवस्था रहेकाले हालसम्म सम्पत्तिकर, भूमिकर, व्यवसाय कर लगायत जुनसुकै प्रकारको लगती करहरु तिर्न बाँकी सम्पूर्ण करदाताहरुले ऐ. श्रावण मसान्त भित्रै पाँचखाल नगरपालिका राजस्व शाखा वा सम्बन्धित वडा कार्यालयमा कर बुझाउनु भई जरिवाना छुटको लाभ लिनुहुन सादर अनुरोध साथ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। पाँचखाल नगरपालिकाले सञ्चालन गरेको यस "एक महिने राजस्व सङ्कलन अभियान"मा आफ्नो तर्फबाट सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा पाँचखाल नगरपालिका हार्दिक अनुरोध गर्दछ।

पुनश्च :

*हालसम्मको तिरो तिर्न बाँकी रहनुभएका करदाताहरुलाई लक्षित गरी १ महिना (२०८१/०४/०१ देखि २०८१/०४/३२) को लागि मात्र आर्थिक विधेयकमार्फत विशेष व्यवस्था गरी जरिवाना छुट गरिएको तथा २०८१ भाद्र १ गतेबाट कर तिर्न आउने करदाताको हकमा साबिक बमोजिम नै जरिवाना लाग्नेछ।*

***"साउन महिना भित्रै कर तिरौं : बक्यौता रकममा जरिवाना छुटको लाभ लिऔं"***

(अच्युत राज रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ एवम् कार्यार्थ :

श्री वडा कार्यालयहरु (सबै), पाँचखाल नगरपालिका : वडा कार्यालयको सूचना पाटीमा यो सूचना टाँस गरी यसैसाथ संलग्न ढाँचाको सूचना तहाँ कार्यालयबाट पनि जारी गरी सम्पूर्ण वडावासीहरुले जानकारी प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचारप्रसार गर्नुहुन।